

येशू को हुनुहुन्छ?
तिमीले मलाई खोज्नेछौ र भेट्टाउनेछौ
(यर्मिया २९:१३)
पिटर वाकर

# यशू को हुनुहुन्छ ?

तिमीहरुले मलाई खोजेर पाउनेछौ *(यर्मिया २९:१३)*


## पिटर वाकर

www.1peter1three.weebly.com

Transalted and designed by

Good Shepherd Media, Secunderabad 500 067

E-mail: printing@ombooks.org

# विषयसूची


१) परिचय .................................... v

२) प्रकाश .................................... vii

३) ख्रीष्टको सन्देश .................................... ९

४) विश्वास .................................... ११

५) खजाना .................................... १४

६) रगत .................................... १६

७) आत्मा .................................... १८

८) निमन्त्रणा .................................... २०

९) प्रार्थना .................................... २२

१०) नयाँ जीवन .................................... २३

११) शास्त्र सन्दर्भ .................................... २६

**म यो पुस्तिका तपाई पाठकलाई समर्थन गर्दछु । मलाई येशु खीष्टको बारेमा तपाईलाई बाँडन अनुमति दिनुभएकोमा धन्यवाद ।**

**...... मलाई केहि विचारहरु बाँडन अनुमति दिनुहोला ।**

# परिचय

यदि तपाई यो पशन सोध्दै हुनुहुन्छ भने, – येश को हुनुहुन्छ ? तपाई परमेश्वरसँग रिसाउनु भएको होला, वा यस समयमा तपाई परमेश्वरलाई विश्वास गर्नुहुन्न। अथवा सायद तपाई परमेश्वरमा विश्वास गर्नुहुन्छ, तर चोट पाउनुभएको छ।

हुनसक्छ तपाई मुस्लिम, हिन्दू, बौद्ध वा अन्य कुनै आस्थाका हुनुहुन्छ।

सायद तपाई पूर्णतया फरक ठाँउमा हुनुहुन्छ होला कि तपाईले परिभाषित गर्न पनि सक्नुहुन्न। मेरो साथी, तपाई जस्तो सुकै महसुस वा जहाँ भएता पनि बाइबलको परमेश्वरले – पहिलो देखि अन्तिम पुस्तक सम्मै – तप्राईलाई स्वागत गर्नुहुन्छ।

अझै तपाईको लागि येशू को हुनुहुन्छ ? भनेर सोध्न र सोच्नलाई बिन्ती गर्नुहुन्छ। तपाईसँग धेरै, धेरै प्रश्नहरु हन सक्छन जुन म सम्बोधन गर्दिन र गर्न सक्दिन। र तपाई सँग केही विचारहरु बाडदछु।

म विश्वास गर्छु कि बाइबल ६६ वटा पुस्तक – परमेश्वरको प्रेरित वचन हो।

कुनै पनि राम्रो वा 'साँचो' कुरा जस्तै बाईबललाई गलत बुझ्न , दुरुपयोग गर्न र शंका गर्न सकिन्छ। यद्यपी बाईबल प्रयोग गर्नेमा मानिसका त्रुटिहरु भए तापनि , यो सत्यताको इमान्दार खोजकर्ताका लागि बाईबल भरपर्दो श्रोत हो।

परमेश्वरले बाइबलमा आफूलाइ हामीबाट लुकाउनु भएको छैन, उहाँले आफैलाई हामी समक्ष प्रकट गर्नुभएको छ।

अब मलाई भित्र जान वा अगि बढन दिनुहोस र पूर्णतः महत्वपूर्ण प्रश्नमा मेरा विचारहरु प्रस्तुत गर्न दिनुहोसः

# येशू को हुनुहुन्छ ?

मनिसको रुपमा परमेश्वर हुनुहुन्छ। परमेश्वर मानिसको रुप धारण गर्न स्वर्गबाट तल ओर्लनुभयो ताकि हामीले परमेश्वरलाई ‘व्यक्तिगत रुपमा’ चिन्न सकौं र पर्ण रुपमा परमेश्वर संग जोडिन सकौं।


येशू “शरीरमा” परमेश्वर हुनुहुन्छ। उहाँ हाम्रो पाप क्षमा गर्न र हामीलाई अनन्त जीवन दिन आउनुभयो। यो नै येशू को हुनुहुन्छ र उहाँ किन आउनुभयो हो।

**प्रकाशः**

बाईबल आफैले हामीलाई बताउँछ कि यो एक अथाह, बुझ्न नसकिने सत्यता हो । समान्यतया हामी यो सत्यलाई बुझ्न सक्दैनौ – कि परमेश्वर हामीलाई उद्धार गर्नको निम्ति मानव रुप धारण गर्नुभयो । हामीले यो 'प्राप्त' गर्न गर्न सक्दैनौं । यो हाम्रो लागि धेरै ठुलो छ ! हो, बाईबलले हामीलाई बताउँछ कि यो सत्य– यस्तो अदभुत सत्य – हाम्रो समझमा अटनको निम्ति बनाईएको थिएन ।

हामीलाई भनिएको छ की येशू ख्रीष्ट – आत्मा र सत्य हुनुहुन्छ र हामी कहाँ दिमागको 'बुझाइ' द्वारा होइन, तर हाम्रो आत्माहरु , हाम्रो हृदयमा हाम्रो हृदयमा प्रकाश द्वारा  आउँछ ।

यदि तपाई – म र धेरै जना जस्तै–परमेश्वरलाई प्राप्त गर्ने प्रयास गर्नुहुन्छ  वा उहाँलाई आफ्नो दिमागमा अटाउने प्रयास गर्नुहुन्छ । हाम्रो आत्मा र हृदयलाई ड्राइभिङ सिट लिन दिन धेरै गाह्रो हुन सक्छ । तर तिमिलाई थाहा छ , मेरो साथी, अहिले जीवनमा तिम्रो लागि सबै अमुल्य कुराहरु – साथीहरु , परिवार, आनन्द, प्रेम, शान्ति , क्षमा, दया–यी कुराहरु दिमागका 'सत्यता' होइनन , तर हृदय र आत्माका हुन , वास्तवमा, धेरै अवस्थामा हामीले हाम्रो दिमाग, हाम्रो समझ , चोट वा 'हृदय', सत्य वा सम्बन्धलाई चोट पुर्‍याएका छौं । के तपाई कहिल्यै आफ्नो शिरलाई आफ्नो हृदयलाई अवहेलना गर्न दिनुभएको छ र त्यसपछि पछुताउन आउनु भएको छ ? यदि परमेश्वर मेरो सानो दिमाग वा मेरो अप्रत्यासित समझमा अटाउनुहुन्छ भने, उहाँ साच्चै एक धेरै सानो परमेश्वर हुनुहुन्छ । हामीलाई बाईबलमा बताएको छ , 'परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका उपासकहरुले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ । येशू आफैले उहाँका वचन र प्रकाशको बारेमा भन्नुभयो, मेरा वचनहरु आत्मा र जीवन हुन । के तपाईलाई येशूको सत्यतालाई आफ्नो दिमागका लागि चुनौतीपूर्ण, तर आफ्नो हृदयको ढोका ढकढकाए जस्तो महसुस गर्नुभएको छ ?


येशू को हुनुहुन्छ?
तिमीले मलाई खोज्नेछौ र भेट्टाउनेछौ
(यर्मिया २९:१३)
पिटर वाकर

## ❖ ख्रीष्टको सन्देश

यो चाखलाग्दो छ की कसरी यशूले मानिसहरुलाई उनीहरुको ‘विश्वास’ को लागी आव्हान गर्नुभयो । उनी पैसा वा सम्पत्ति दिदै आउनु भएन । उहाँ धर्मशास्त्रीय प्रश्नहरुको जवाफ दिन पनि आउनु भएन । उहाँले यस्तो कुरा भन्नुभयो ‘कसैलाई तिर्खा लागेको छ ? उ म कहाँ आओस र पिओस .......... जस्ले मलाई विश्वास गर्दछ, तिनीहरु भित्रवाट जीवित पानीको धाराहरु बग्नेछ । येशूले हामीलाई ...तिर्खा लागेको छ ? भनेर सोध्नुभयो र उहाँले ‘जिउँदो पानी’ प्रतिज्ञा गनुभयो । यो हाम्रो जीवनको दैनिक अर्थतन्त्रमा अटाउँदैन, यो हाम्रो सम्झनामा अटाउँदैन । तर पनि यो हाम्रो आत्मामा गहिराइमा तल पुग्दछ र केहि थप कुराको लागी हाम्रो आवश्यकता पूरा गर्ने देखिन्छ ।

## येशूले यो प्रश्न सोध्न चाहन्नु हुन्छ ?

## के तिमी तिर्खाएका छौ ?– तपाईको आत्मामा गुन्जिन्छ ?

उदाहरणका लागि येशु भीडतिर फर्कनुभयो र सोध्नुभयो, ‘के कोही थाकेको छ ?’ र त्यसपछि उहाँले अर्कै प्रकारको ...‘आराम’ दिने प्रतिज्ञा गर्नुभयो ।

येशूले आश्चर्य कर्महरु गर्नुभयो, तर उहाँका आश्चर्य कर्महरुका लागि उहाँको विशेष उद्देस्य थियो । एक पटक येशूले धेरै ठूलो भीडलाई भन्नभयो कि उहाँले चमत्कार गर्नुको कारण यो थियो ताकि हामी सबैले बुझ्न सकौं कि उहाँसंग पापको क्षमा गर्ने शक्ति छ । थोरै समयको लागि केही मानिसहरुको जीवनलाई राम्रो बनाउनको लागि उहाँले चमत्कारहरु गर्नुभएन । उहाँले चमत्कारहरु गर्नुभयो ताकि हामीले हाम्रो पाप क्षमा गर्ने उहाँको शक्ति देख्न सकौं र ‘स्वर्गमा हाम्रा नामहरु लख्न सकौं ’।

त्यसो भए उहाँको सन्देश के थियो ? मेरो आत्मामा यो ‘जीवन’ यो ‘विश्राम’, यी ‘जीउँदो पानी’ कसरी पाउन सक्छु ?

यहाँ छ जहाँ येशुको सन्देश जीवनमा आउँछ–शाब्दिक रुपमा, र व्यक्तिगत रुपमा ....

यशूले भन्नुभयो, ‘ढोका म नै हुँ र मबाट आउने जो कोहीले पनि उद्धार पाउनेछ । येशूले परमेश्वरको बारेमा सिकाउनु भएन, परमेश्वरलाई चिन्नको लागि येशूले हामीलाई आफु कहाँ निमन्त्रणा दिनुभयो । तपाईको जीवनमा अहिले भएको सबैभन्दा गहिरो कुरा भनेको ‘कोही’ हो, न केही न केही अवधारणा हो । यस बारे एक मिनेट सोच्नुहोस । दिनको अन्त्यमा तपाईको निम्ति सबैभन्दा बहुमुल्य चीज के हो ? म तपाईलाई ग्यारेन्टी दिन्छु कि त्यो चीज एक व्यक्ति हो परमेश्वर एउटै हुनुहुन्छ । तपाईका लागि परमेश्वरको गहिरो सत्य–उहाँ आफै हुनुहुन्छ । एउटा मानिसको रुप धारण गर्नु उहाँको यो उद्देस्य कि तपाई र मैले वास्तवमा उहाँलाई देख्न, महसुस गर्न र जान्न सकौं । वास्तबमा येशुलाई एउटा नाम दिइएको थियो त्यो हो इम्मानुएल, जस्को अर्थ हुन्छ, ‘परमेश्वर हामीहरु संग’

**येशु–मानवरुपी परमेश्वर**

हामी संग अहिले अनि सदा सर्वदा संगै रहनको निम्ति आउनु भयो ।

? **के तपाई परमेश्वरलाई व्यक्तिगत रुपमा चिन्न चाहनुहुन्छ ?**

## ❖ विश्वास

येशूले हामीलाई उहाँमा 'विश्वास' गर्न चुनौती दिनुहुन्छ । यो उहाँको निमन्त्रणा थियो जब उहाँ वास्तवमा मानिसहरु संग हुनुहुन्थ्यो, र तिनीहरुले उहाँलाई 'देख्न' सक्थे । यदि तिनीहरुले उहाँलाई 'देख्न' सक्थे भने , किन उहाँलाई 'विश्वास' गर्नमा यो सबै जोड ? यस विश्वासको विषय बारे ममा दुईवटा कुरा आउँछन ।

**१. एक साँचो मित्रले तपाइलाई विश्वास गर्छ !**

के तपाईसँग कहिल्यै तथाकथित 'साथी' थियो जो तपाईको लागि थिएन ? यो व्यक्तिले तपाईलाई देख्छ र चिन्छ, र तपाई वरपर हुँदा पनि तपाईलाई स्वीकार गर्दछ । यो व्यक्तिको तपाई सँग 'सम्बन्ध' छ , तर तिनीहरुले तपाईलाइ 'विश्वास' गर्दैनन । तिनीहरुले वास्तवमा तिनीहरुको हृदयको एक अंश तपाईको लागि बन्द गरेका छन । के तपाईले यो भावना, यो अनुभव देहधारी सम्बन्धमा सम्बद्ध गराउन सक्नुहुन्छ ?

येशू आउनुभयो–शरीरमा परमेश्वर–'हामी सँग' हुनको लागि उहाँको नाम, इम्मानुएलको अर्थ हो, 'परमेश्वर हामीसँग'? [1] येशूले तपाईले उहाँलाई 'स्वीकार' गरेको मात्र चाहनु हुन्न, तपाई सँग प्रेम,'विश्वास' सम्बन्ध राख्न आउनु भएको हो । एक अर्का सित विश्वासनै साँचो मित्रता जीवन हो । येशूले भन्नुभयो, मैले तिमीलाई मेरो मित्र भनेको छु । येशुले यो पनि भन्नुभयो कि साथीले आफ्नो मित्रको लागि आफ्नो जीवन बलिदान गर्नुभन्दा आफ्नो प्रेम देखाउन सक्ने कुनै ठुलो तरिका छैन । [2]

[1] *. यशैया ७:१४/मत्ती १:२३*



[2] *. यूहन्ना १५:१३–१५*

## २. हेर्नु भनेको विश्वास गर्नु होइन !

जब येशू पृथ्वीमा हुनुहुन्थ्यो , धेरै मानिसहरुले उहाँको शक्ति देखे, तर उहाँमा विश्वास गरेनन । हुनसक्छ तपाई, म जस्तै, कहिलेकाहीं चाहनुहुन्छ वा भन्नुहुन्छ , यदि मैले वास्तवमा येशलाई 'देख्न पाएको भए....' सत्य यो हो , जसले उहाँलाई शरीरमा देखे र उहाँको चमत्कारी शक्तिहरु देखे उहाँमा विश्वास गरेनन । धेरै पटक, वास्तवमा, जब उहाँले चमत्कारहरु गर्नुभयो , मानिसहरु वास्तवमा उहाँको बिरुद्धमा उठे । अन्तमा, उहाँलाई 'हेर्ने' सबैजना–जसले उहाँलाई सुनेका छन, उहाँ संग हिडेका छन , उहाँका चिन्हहरु र आश्चर्य कर्महरुको आनन्द उठाइरहेका छन–कि त उहाँको विरुद्धमा षडयन्त्र गरे वा उहाँलाई त्यागे ।

उहाँलाई बिहानको उज्यालोमा उसलाई 'देखेका' सबको माझमा मारिएको थियो ।

त्यसैले येशूले हामीलाई 'विश्वास'मा 'विश्वास'गर्न बोलाउनुहुन्छ 'दृष्य' मा होइन । जब मानिसले उसलाई देखे, उहाँलाई मारे । हामीले आफ्नो आँखाले देखेको कुरालाई पछयाउन–र त्यस प्रति वफादार हुन सक्छौ, चेलाहरु जस्तै, तर कुनै समयमा हाम्रो आँखा, हाम्रो दिमाग, हाम्रो हृदयले हामीलाई निराश पार्छ र हामी पछयाउँदैनौं । हामीले एक पटक देखेको र माया गरेको कुराको विरुद्धमा पनि हुन सक्छौ ।

यशूले आफ्ना चेला थोमालाई भन्नुभयो, 'धन्य हुन ती जो विश्वास गर्छन तर देखेका छैनन ।

यहाँ पृथ्वीमा, येशूले हामीलाई हाम्रो हृदयको आँखाले हेरेको र विश्वास गरेको चाहानु हुन्छ । अर्थात ग्रहण गर्दै पछयाउनु, आज्ञा मान्नु आराधना गर्नु ।

१३ । येशूको हुनुहुन्छ ?

**येशू तपाईसँग साँचो सम्बन्ध एउटा मित्रता चाहनुहुन्छ ! एक दिन हामी महिमामा जान्छौं, जहाँ हाम्रा आँखाहरु शुद्ध हुनेछन र हाम्रो हृदय स्थिर हुनेछ, र हामीले उहाँलाई आमने–सामने देख्नेछौं । तर अहिलेको लागि, बोलावट विश्वासको लागि हो ।**

?

**के तपाईले आफ्नो हृदयको आँखाले येशूलाई 'देखिरहनुभएको' महसुस गर्दैहुन्छ ?**

**अन्तमा, सबै ज–जसले उहाँलाई हेरे, उहाँलाई सुने उहाँ सँग हिडे, उहाँका चिन्हहरु र आश्चर्य कर्महरुको आनन्द उठाए–कि त उहाँको विरुद्धमा षडयन्त्र गरे वा उहाँलाई त्यागे ।**

## ❖ खजाना

येशूलाई किन ‘देख्न’ र विश्वास गर्न गाह्रो छ ? किन सारा संसारले येशूको कुरा सुनेर विश्वास गर्दैन ?

जब म धर्मशास्त्र पढछु, परमेश्वरले कसरी काम गर्नुहुन्छ भनेर म छक्क पर्छु । समयको शुरु देखि नै , परमेश्वरले प्रत्येक व्यक्तिलाई समान रुपमा माया गर्नुभए तापनि , कसैले परमेश्वरलाई ‘चिनेका’ थिए र कसैले हाम्रो निम्ति यो बुझ्न, व्याख्या गर्न असम्भव छ र हुनेछ ।

जब मेरा येशू पृथ्वीमा हिडनु हुँदा, प्रचार गर्नु र चमत्कारहरु गर्नुहुँदा केही मानिसहरु उहाँको खुट्टामा परे र भने, ‘तपाई प्रभु हुनुहुन्छ ! ’ अरुले उहाँलाई तुच्छ सपना हेरे, उहाँलाई गाली गरे र उहाँको अधिकारलाई चुनौती दिए । यो कसरी हुन सक्छ ? कसरी एक जना मानिसले खीष्टलाई हेर्छ र परमेश्वरलाई देख्न सक्छ, र अर्कोले एकै समयमा खीष्टलाई हेर्छ र केवल एक मानिसलाई देख्न सक्छ ? म यो व्याख्या गर्न सक्दिन ।

तर मैले येशूको जीवन र शिक्षामा के देखेको छु भने उहाँले आफुलाई गहिरो र शान्त तरिकामा प्रकट गर्नुभयो । यति गहिरो, र यति शान्त ! जब एक व्यक्तिले येशूलाई वास्तवमै ‘देख्यो’ उहाँ जो हुनुहुन्छ–‘परमेश्वर हामीसँग’ प्रकाश त्यो व्यक्तिको हृदयमा पुग्यो, र तिनीहरुलाई सदाको लागि परिवर्तन गऱ्यो । तर किनभने यो प्रकटीकरण पनि धेरै गहिरो र शुद्ध र शान्त छ कि हामी मध्ये धेरै जनाले यो हाम्रो छेऊ भएर गएको पाउदैनौं

## खजाना

हामी जीवनको सतहमा यति धेरै कोलाहल र चाहनाबाट बिचलित छौ, कि परमेश्वरका गहिरा कुराहरु हाम्रो छेऊ भएर बग्दछन ।

यो सत्यतालाई चित्रण गर्न येशूले एउटा छोटो दृष्टान्त भन्नभयो । उहाँले भन्नुभयो,स्वर्गको राज्य खेतमा गाडिएको खजाना जस्तै हो । जब एक जना मानिसले त्यो भेट्टाए, तब त्यसले फेरी लुकायो र आनन्दमा गएर आफुसँग भएका सबै बेचेर त्यो खेत किन्यो ।[3]

?

**येशू एउटा खजाना हुनुहुन्छ**

**भन्ने महसुस गर्नुहुन्छ जुन तपाईले देख्दै हुनुहुन्छ**

**तर तपाईको वरपरका धेरै मानिसहरुले**

**देख्न सक्दैन ?**

[3] *मत्ती १३:४४*

## ❖ रगत

यशूको कथा अविश्वसनीय छ ! हामीलाई बताइएको छ कि परमेश्वरको रुपमा, उहाँ हामीलाई हाम्रो पाप, हाम्रो दागहरुबाट मुक्त गर्न आउनुभयो । तपाईलाई थाहा छ, हाम्रो गहिरो पापले प्राय रगतको खत/दाग छाडछ । रगत, मानिसहरुको जीवनको श्रोत त्यहाँ बग्दछ, जहाँ हिंसा हुन्छ, जहाँ दुर्व्यवहार हुन्छ, जहाँ दुर्भाग्य हुन्छ, जहाँ मृत्यु हुन्छ । चाहे प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हामी सबैको हातमा छ,। हामी दासत्व र दुर्व्यवहारमा निर्मित संसारमा बाँचिरहेका छौं, र हामी सबैले या त रगत बगाएका छौ । हामीले मानिसहरुको रगतको मुल्य पर्ने चोरीका बस्तुहरु उपभोग गरेका छौं । र परमेश्वरबाट हाम्रो अलगावा यो एउटा कच्चा र असहज सत्यता हो तर रक्तपात हाम्रो संसारको अन्धकार र परमेश्वरबाट हाम्रो अलग्याइको केन्द्रमा छ । त्यसैले येशू आउनुहुन्छ, र उहाँले हामीलाई यस पाप र अन्धकारबाट मुक्त गर्न चाहनुहुन्छ । हामीले भोगेका गलत र हामीले गरेको गल्तीबाट उहाँले हामीलाई मुक्त गर्न चाहनुहुन्छ । हामीलाई भनिएको छ कि येशूले यस अविश्वसनीय, असान्धर्भिक तरिकामा यो ‘मुक्ति’ र ‘क्षमादान’ को लागि बाटो खोलिदिनु भयो : यशूले हाम्रो पापलाई आफ्नै व्यक्ति र शरिरमा लिनुभयो र त्यसपछि त्यस सँगै मर्नुभयो । बाइबलको एउटा पदले यसलाई यसरी भन्दछः ‘उनी हाम्रा लागि पाप भए ।[4]

[4] *२ कोरिन्थी ५:२१*

## रगत

यशूले मेरो दोष र लाज आफैमा लिनुभयो , र त्यसपछि मर्नुभयो। मेरो पापको साथ मर्नु भएपछि येशू मरेकाहरुबाट बौरी उठनुभयो, तर मेरो पाप उहाँसँगै फर्किएन । यसरी उहाँले पापलाई चिहानमा छोडनुभयो, येशूले मेरो पाप लिनुभयो, त्यससँगै मर्नुभयो, र मेरो लागि केवल क्षमा र नयाँ जीवन लिएर फर्कनुभयो।

बाइबलको एउटा शक्तिशाली पदले यसलाई यसरी वर्णन गर्दछः हाम्रो पापको रगत भन्दा येशूको रगतले ‘राम्रो वचन बोल्छ’ ।

यस कारणले गर्दा, जब हामी येशूमा विश्वास गर्छौं र उहाँको क्षमादान स्वीकार गर्छौं, हामी उहाँको बलिदानको रगतको लागि, येशूको ‘रगत’ को लागि कृतज्ञ हुन्छौं।

?

**के तपाई येशूको रगतले**
**धोईन चाहनुहुन्छ ?**

## ❖ आत्मा

येशू जीवित हुनुहुन्छ ! उहाँ भौतिक रुपमा हुनुहुन्छ, र उहाँ स्वर्गमा हुनुहुन्छ । एक दिन तपाइ उहाँलाई आमने–सामने भेटनुहुनेछ ।

तर जब येशूले आफ्ना चेलाहरुलाई बताउन भएको थियो कि उहाँ चाँडै पृथ्वी छोडेर स्वर्गमा जानुहुनेछ, उहाँले तिनीहरुलाई भन्नुभयो कि तिनीहरुले यसमा रमाउनुपर्छ – दु:खी हुने होईन–किनभने यसको मतलब यो हो की पबित्र आत्मा उनीहरुमा आउनुहुनेछ । [5]

तपाईले देख्नुभयो,जब येशू पृथ्वीमा हुनुहुन्थ्यो, उहाँ मानिसको रुपमा मात्र हुनुहुन्थ्यो । यदि येशू एउटा गाउँमा हुनुहुन्थ्यो भने , यसको मतलब उहाँ अर्को गाउँमा हुनुहुन्थ्यो । यदि येशुले आफ्नो शान्तिको हात एक व्यक्तिमा राख्दै हुनुहुन्थ्यो भने , यसको मतलब उहाँले आफ्नो शान्तिको हात अर्को व्यक्तिमा राखिएको थिएन । उहाँ मानिसको रुपमा हुनुहुन्थ्यो र त्यसैले हामी जस्तै ठाउँ र समयमा सीमित हुनहुन्थ्यो ।

जब येशू स्वर्गमा उचालिन भयो येशूको आत्मा, पवित्र आत्मा, अब सारा पृथ्वीमा खन्याइयो । यसको अर्थ येशूको व्यक्तित्व र शान्ति प्रत्येक गाउँमा र हरेक घरमा एकै समयमा हुन सक्छ । यसको मतलब यो पनि थियो कि येशू वास्तवमा हामी भित्र वास गर्न सक्षम हुनुहुन्थ्यो, हाम्रो छेऊमा हिडनु मात्र होइन ।

---

[5] *यूहन्ना १४:१७,२६,२८* 

**आत्मा**

**अब जब येशूले पृथ्वीमा आफ्नो मिशन पूरा गर्नुभयो–मर्नु हामीलाई क्षमादान र अनन्त जीवन दिन – बौरी उठन उहाँ शारीरिक रुपमा स्वर्गमा बस्नु हुन्छ । हामी उहाँ संग अहिले पवित्र आत्मा मार्फत जोडिन्छौं ।**

**जव हामी येशूको विश्वास गर्छौं, उहाँ उहाँको पवित्र आत्मा द्वारा हामी कहाँ आउनुहुन्छ , र हाम्रो हृदय, हाम्रो प्राण, हाम्रो आत्मामा वास गर्नुहुन्छ–'परमेश्वर हामीसँग'**

?

**के तपाई येशूमा विश्वास गर्न चाहनुहुन्छ, र तपाईको हृदय र जीवनमा उहाँको पवित्र आत्मा चाहनुहुन्छ ?**

## ❖ निमन्त्रणा

येशूले भन्नुभयो, 'ढोका म नै हुँ, र जो मबाट आउँछ उसले उद्धार पाउनेछ । *( यूहन्ना १०:९)*

के तपाई अहिले नै येशूलाई आफ्नो हृदय र जीवनमा निम्तो दिन चाहनुहुन्छ ?

यो एक आत्मिक निर्णय हो, र येशूलाई आफ्नो जीवन दिंदा तपाईले आफ्नो पापको क्षमा र अनन्त जीवन पाउनुहुनेछ । तपाईले येशूलाई चिन्ने क्षणमा , तपाई नयाँ बाटोमा हुनुहुन्छ । र जुन 'मध्य दिन नहोउञ्जेल झन–झन चहकिलो हदैजान्छ ।' *(हितोपदेश ४:१८)*

यहाँ कि तपाई अब कसरी मृत्यूबाट जीवनको पुल पार गर्न सक्नुहुन्छ, र येशू ख्रीष्टलाई चिन्न सक्नुहुन्छ त्यहाँ गर्नुपर्ने २ मुख्य कुराहरु छन । मैले यहाँ तल राखेको छु, र त्यसपछि मैले एउटा प्रार्थना लेखेको छु जुन तपाईले पढन सक्नुहुन्छ र आफ्नो हृदयबाट प्रार्थना गर्न सक्नुहुन्छ

### १. पापको पश्चाताप

तपाईले आफ्नो पापको पश्चाताप गर्न आवश्यक हुनेछ । हो,यो कदम हो,तर येशूले यहाँको निम्ति बोलाउनु भएको छ । तपाईले अहिले नै निर्णय गर्न आवश्यक छ कि परमेश्वरको मद्दतले तपाई आफ्नो जीवनमा पापबाट टाढा जानुहुनेछ– पैसाको मोह, कामवासना, लोभ, बेइमानी, लत, व्यभिचार, अश्लील साहित्य आदी ।

## निमन्त्रणा

पापको पश्चाताप एक ‘हृदयको निर्णय’ हो, र समय संग आफ्नो जीवन र घर परिवारमा देखिनु पर्छ। त्यस्ता कुराहरु हुन सक्छ, जुन तपाईले छाडनु पर्छ– सञ्चार, फ्याँक्नु, बन्द गर्न, छोडनु .... यदि तपाई अब पश्चाताप गर्ने निर्णय गर्नुहुन्छ, र फर्कनु हुन्छ भने जन ‘पश्चाताप’ को अर्थ हो तपाई अर्को कदमको निम्ति सहि दिशा तिरै हुनुहुन्छ।

## २. येशू ख्रीष्टमा विश्वास

हामीले माथी कुनै पनि वास्तविक सम्बन्धमा विश्वासको महत्व र सत्यताको छलफल गर्यौं। येशूले हामीलाई विश्वासको यो कदम चाल्न बोलाउनु हुन्छ, र उहाँमा विश्वासको घोषणा ठुलो स्वर गर्न बोलाउनु हुन्छ। मैले यहाँ तल एउटा प्रार्थना लेखेको छु जब तपाईले आफ्नो बनाउन सक्नुहुन्छ। प्रार्थना तपाईको हृदयबाट आउनु पर्दछ, इमान्दार हुनुपर्छ।

यदि तपाईले आफ्नो पापको पश्चाताप गर्नुभयो र येशु ख्रीष्टमा आफ्नो विश्वास राख्नुभयो भने , उहाँले यस क्षणमा आफ्नो पवित्र आत्मा तपाइको हृदयमा राख्नुहुनेछ, तपाईको पाप क्षमा गर्नु हुनेछ, र स्वर्गमा तपाईको नाम लेख्नुहुनेछ।

## ❖ प्रार्थनाः

प्रिय प्रभु येशु,मलाई माया गर्नुभएकोमा म तपाईलाई धन्यवाद दिन्छु । मेरो पापको लागि मर्नु भएकोमा म तपाईलाई धन्यवाद दिन्छु। मलाई क्षमा र अनन्त जीवन प्रदान गर्नु भएकोमा म तपाईलाई धन्यवाद दिन्छु।

आज म मेरो पापको पश्चाताप गर्छु, र मेरो विश्वास र भरोसा तपाईमा राख्छु। म तपाईलाई मेरो पाप क्षमा गर्न, र ममा तपाईको पवित्र आत्मा खन्याउन अनुरोध गर्दछु। धन्यवाद, प्रभु, मलाई माफ गर्नु भएकोमा। धन्यवाद, प्रभु येशु, मलाई बचाउनु भएकोमा। मलाई अब बफादार हुन मद्दत गर्नुहोस र मेरो जीवन भरी तपाईलाई आमने–सामने नभेटे सम्म तपाईलाई पछ्याइरहन मद्दत गर्नुहोस। यशूको नाममा म प्रार्थना गर्दछु, आमेन !

## ❖ नयाँ जीवन

**यदि तपाईले येशूमा विश्वासको यो कदम चाल्नुभएको छ भने, तपाईले मुक्ति पाउनु भयो। तपाईलाई क्षमा भएको छ। तपाई 'नयाँ सृष्टि' हुनुहुन्छ। यो परमेश्वरको सत्य हो। यो येशूको सन्देश हो।**

**एक नयाँ नवजात 'विश्वासी' को रुपमा, यो साँच्चै महत्वपूर्ण छ कि तपाईले हरेक दिन बाइबल पढन सुरु गर्नुहोस र येशुसँग प्रार्थनामा केही मिनेट बिताउनु होस यो पनि महत्वपूर्ण छ कि तपाई एउटा राम्रो, क्रिश्चियन चर्चमा सामेल हुनुहोस, ताकि तपाई आफ्नो विश्वास र अन्य विश्वासीहरुको सहयोगमा बढन सक्नुहुन्छ।**

**यदि तपाई सँग बाइबल छैन भने , म किन्नको लागि एउटा खोज्न सुझाव दिन्छु। 'नयाँ अन्तर्राष्ट्रिय संस्करण' (बाइबल NIV) वा 'अंग्रेजी मानक संस्करण' (बाईबल) ESV) को लागि अनलाईन वा पुस्तक पसलहरुमा खोज्नुहोस।**

**म के गर्छु भने दिनमा एक अध्याय पढछु। हुन सक्छ लुकाको पुस्तकबाट सुरु गर्नुहोस, र त्यसपछि पढन जारी राख्नुहोस ....**

**एउटा राम्रो चर्च पत्ता लगाउनुहोस। प्रार्थना गर्नुहोस र प्रभु यशूलाई यस निर्णयमा तपाईलाई अगुवाई गर्न अनुराध गर्नुहोस। तपाईले चिन्ने र विश्वास गर्ने क्रिस्चियनबाट एउटा मण्डलीको सिफारिस बुझ्नुहोस हप्तामा एक पटक मण्डलीमा पुग्नु तपाईको प्रथमिकता हो। प्रभुको लागि एउटा 'बलिदान' हो। यसो गर्दा तपाईले आफ्नो तालिकामा केहि कुराहरु परिवर्तन गनपर्ने हुन सक्छ , र तपाईको वित्तमा पनि यो हुन सक्छ। यस्का लागि परमप्रभुले तपाईलाई आदर गर्नु हुनेछ।**

- म तपाईलाई सुन्न मन पराउँछु । यदि तपाँईले निम्न पेजमा मेरो वेबसाइट मार्फत यो विश्वासको कदम चाल्नुभएको हो भने मलाई एउटा इमेल पठाउनहोस र मलाई थाहा दिनुहोस ।
- आशिर्वाद, मेरो भाई, मेरी बहिनी ! जब सम्म हामी एक अर्कालाई व्यक्तिगत रुपमा भेटदैनौं–पारिवारिक पुनर्मिलनमा परमेश्वरले तपाईलाई यशूको नाम आशिष, रक्षा र समृद्धि दिऊन ।

थप स्रोतहरुको लागि , कृपया तलको मेरो वेबसाईटमा जानुहोस ।

**www. l peter l three.weebly.com**

परमप्रभुले तिमीलाई आशिष दिनुहुन्छ र तिम्रो रक्षा गर्नुहुन्छ ; परमप्रभुले आफ्नो अनुहार तिमितिर फर्काउनुहुन्छ र तिमीलाई शान्ति दिनुहुन्छ ।

*गन्ती 6:24-26*

## ❖ शास्त्र सन्दर्भ

*परमेश्वरले हामीलाई उहाँकहाँ आउन अनुरोध गर्दै: २कोरिन्थी ५:२०*

*ख्रीष्ट, उहाँका धर्मशास्त्र, उहाँको आत्मालाई मात्र जान्नु: १ कोरिन्थी २:२–३*

*बाईबलको प्रेरणा र गलत व्यवहार: हिब्रु ४:१२/यर्मिया २९:१३ (मत्ती ४:१–११ र २ कोरिन्थी ४:२ पनि हेर्नुहोस)*

*धर्मशास्त्रका अशिक्षित लेखकहरु: प्रेरित ४:१३*

*येशूको अर्थ हो 'प्रभुले बचाउनुहुन्छ' : मत्ती १:२१*

*येशू मानिसको रुपमा परमेश्वर : यशैया ७:१४/मत्ती १:२३, यशैया ९:६, यूहन्ना ८:५८/प्रस्थान ३:१४, यूहन्ना १०:३०, यूहन्ना १४:९, यूहन्ना ९:३८/मत्ती १४:३३/ प्रस्थान २०:५, यूहन्ना ५:४६, बलस्सी १:१५–२०, हिब्रु १:३, फिलिप्पी २:६–११, जकरिया १४:९/प्रेरित ४:१२, प्रकाश १:१३–१८*

*पाप क्षमा दिने र अनन्त जीवन दिने येशूको उद्देस्य: लुका ५:२४, यूहन्ना ११:२५–२६, यूहन्ना ४:१३–१४*

*प्रकाश, बुझ्न असम्भव !: यूहन्ना ६:३७, ६५, मत्ती १६:१६–१८, रोमी ११:३३–३६, यशैया ५५:८–९, भजन ३६:९, कोरिन्थी ४?६, यूहन्ना ६:६३*

## शास्त्र सन्दर्भ

*ख्रीष्टमा विश्वास: यूहन्ना ७:३७–३८, यूहन्ना ११:२५–२६, यूहन्ना ९:३५, मत्ती ११:२८–३०, लूका ५:२४, लूका १०:२०, यूहन्ना १०:९,यूहन्ना ५:३९–४०, यूहन्ना १५:१३–१५*

*हेर्नु भनेको विश्वास गर्नु होइन: यूहन्ना ११:४५, ५३, मत्ती २६:५६, मर्कूस १५:२५ (बिहान ९ बजे) यूहन्ना २०:२९,२ कोरिन्थी ४:६, २ कोरिन्थी ५:७, १ यूहन्ना ३:२, १ कोरिन्थी १३:१२*

*परमेश्वरले सबैलाई समान रुपमा प्रेम गर्नुहुन्छ!: २ पत्रुमा ३:९, १ तिमोथी २:४, मत्ती १८:१४, यहन्ना ३:१६*

*ख्रीष्टको आराधना र ख्रीष्टको अस्वीकार: यूहन्ना ९:३८, मत्ती १४:३३, यूहन्ना १०:२०, २ कोरिन्थी ५:१६*

*गहिरो  शान्त प्रकाश: मत्ती १६:२०, मर्कूस १:२४, ३४, ४४, मर्कूस ४:११, यशैया ६:९, २ कोरिन्थी ५:१६, भजनसंग्रह ४२:७, मत्ती १३:४४*

*ख्रीष्टमा रगत र स्वतन्त्रता: यशैया १:१८, भजन २५:१५, २ कोरिन्थी ५:१७, गलाती २:२०, लूका ४:१८ यशैया ६१:१, यशैया ४२:३, २ इतिहास ७:१४, २ कोरिन्थी ५:२१, हिब्रू ९:२२, हिब्रू १२:२४*

*आत्मा: यूहन्ना १४:१ – ४: प्रकाश १:१३ –१८, १ कोरिन्थी १३:१२, यूहन्ना १४:१७, २६, २८*

*निमन्त्रणा र नयाँ जीवन: एफिसी १:१३ –१४, कलस्सी १:२७, हितोपदेश ४:१८, यूहन्ना ५:२४, मर्कूस १:१५, मत्ती ३:८, प्रेरित ३:१९, रोमी १०:९, लूका १०:२०, २ कोरिन्थी ५:१७, हिब्रू १०:२५, भजन १, यहोशू १:१, हिब्रू ४:१२/२ तिमोथी ३:१६*

*पछाडिको आवरण: ' येशू को हुनुहुन्छ ? '*

*यो पुस्तक PDF मा पनि नि: शुल्क उपलब्ध छ:* www.1peter1three.weebly.com

# येशू को हुनुहुन्छ?

तपाईं परमेश्वरसँग रिसाउन सक्नुहुन्छ, वा यस समयमा उहाँमा विश्वास नगर्न सक्नुहुन्छ। वा सायद तपाई परमेश्वरमा विश्वास गर्नुहुन्छ, तर चोट लागेको छ। हुनसक्छ तपाईं मुस्लिम, हिन्द, बौद्ध वा कुनै अन्य आस्थाको हुनुहुन्छ। तपाईं पूरै फरक ठाउँमा हुन सक्नुहुन्छ, त्यो तपाईं पनि परिभाषित गर्न सक्नुहुन्न ... मेरो साथी, तपाईं कस्तो महसुस गरिरहनुभएको छ, वा तपाईं कहाँ हुनुहुन्छ, बाइबलको परमेश्वर—पहिलोदेखि अन्तिम पुस्तकसम्म—तपाईंलाई स्वागत गर्नुहुन्छ, तपाईंलाई सोध्न 'बिन्ती' पनि गर्नुहुन्छः 'को हो? येशू?'

मलाई बाइबलमा कुनै औपचारिक निर्देशन दिइएको छैन, न त म धेरै धर्मशास्त्रीय मुद्दाहरूमा कहाँ उभिन्छु भन्ने कुरामा स्पष्ट छु। तथापि, म येशूको अनुयायी हुँ, र मलाई धर्मशास्त्र मन पर्छ। मलाई केहि विचार साझा गर्न अनुमति दिनुहोस् ...

*यो पुस्तक PDF मा पनि निःशुल्क उपलब्ध छ:*
www.1peter1three.weebly.com


**नयाँ सन्देश ख्रिष्ट मण्डली**

पासिकोट, बुढानिलकण्ठ–४, काठमाण्डौं

सम्पर्क: ९८४१ ६२६ ८८०



Who is Jesus? (*Nepali*)